कार्यपालिकाको ५९ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८२ साल वैशाख महिनाको २७ गते शनिबार

अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री मानसिं सापकोटा – कार्य वाहक वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

१७. श्री अशोक रिमाल (शिक्षा अधिकृत)

१८. श्री स्योम बहादुर क्षत्री (योजना अधिकृत)

१९. सावित्री गुरुङ पुन (खो.लं. / प्रशासन शाखा)

प्रस्तावहरु:-

१. मालिका मन्दिरको पूजा सम्बन्धमा ।

२. गाउँ प्रहरीको कार्यविधि सम्बन्धमा ।

३. बिम स्वास्थ्य चौकीको विपद्मा परेको विद्युत् जडान सम्बन्धमा ।

४. खानेपानी पाइपको रकम भुक्तानी सम्बन्धमा ।

५. निजी जग्गाको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धमा ।

६. जोखिम संवेदनशील भु-प्रयोग योजना सम्बन्धमा ।

७. विविध ।

निर्णयहरु:

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मालिका गाउँपालिका अन्तर्गत पर्ने धार्मिक पर्यटकीय स्थलको रुपमा चर्चित मालिका मन्दिरमा वुद्ध जयन्ति तथा वैशाख पूर्णिमाको अवसरमा मिति २०८२/०१/२९ गते भव्य पुजाआजा कार्यक्रम हुने भएकोले उक्त पुजाआजा कार्यक्रमको खर्च रकम **विविध कार्यक्रम खर्च** शिर्षकबाट भुक्तानी गर्ने सर्व सम्बत् निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा मालिका गाउँपालिकाको **सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२** पारित गर्ने सर्वसम्बत् निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा मालिका गाउँपालिका वडा नं. ७ स्थित बिम स्वास्थ्य चौकी भवनमा मिति २०८१/१२/२९ गतेका दिन चट्यान परी बिजुलीको मुख्य मिटर बक्स लगायत अन्य जडान गरिएको तारहरुमा क्षति पुग्न गई अर्थिङ कार्य गर्नुपर्ने भएकोले प्राविधिकको लागत इष्टिमेट बमोजिमको रकम रु. **५८४५८/२५** विपदजन्य (पालिकास्तरीय) शिर्षक मार्फत भुक्तानी दिने सर्व सम्बत् निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा मालिका गाउँपालिका वडा नं. ६ स्थित लमसुङ कृषी तथा पशुपंक्षी फर्मका लागि खानेपानी पाइप आगलागी भई नष्ट भएको हुँदा प्राविधिकको लागत इष्टिमेट बमोजिमको खानेपानीको पाईप खरिद तथा जडान रकम **विपदजन्य क्षतिबाट पुनर्निमाण तथा राहत वितरण (पालिकास्तरीय)** शिर्षक मार्फत भुक्तानी दिने सर्व सम्बत् निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा नीजि जग्गाको व्यवसायिक प्रयोजनका लागि कच्चा पदार्थहरु उत्खनन् भएका स्थलहरुको संक्षिप्त वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्ने सर्व सम्बत् निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस मालिका गाउँपालिका भित्रका सबै वडाहरुमा जोखिम संवेदनशील भु-प्रयोग सम्बन्धी सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने सर्व सम्बत् निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति, म्याग्दीले मिति २०८२/०२/१५ गतेका दिन जिल्ला स्तरिय अन्तर मा.वि. लोक गीत प्रतियोगिता एवम् विविध साँस्कृतिक कार्यक्रम २०८२ आयोजना गर्न लागेकोमा उक्त कार्यक्रमका लागि रु. २५ हजार र धौलागिरी इडभेन्चर प्रालि.को आयोजनामा भौलिक फिल्मस् प्रा.लि.को सह-आयोजनामा नेपाल अष्ट्रेलिया मौलिक साँस्कृतिक उत्सव – २०८१ का लागि रु. ४० हजार **अन्य संघ संस्था सहायता/ विविध कार्यक्रम खर्च** शिर्षकबाट भुक्तानी दिने सर्व सम्बत् निर्णय गरियो ।

८) यस गाउँपालिकामा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशबाट सिफारिस भई आउनुहुने सातौं तहका लेखा अधिकृतलाई कार्यालयमा हाजिर गराई कामकाजमा खटाउने सर्व सम्बत् निर्णय गरियो ।

९) आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि वस्ति तथा वडा भेला गरी योजना तथा कार्यक्रमको प्राथमिकरण साथ मिति २०८२/०२/२५ गते वडागत योजना तथा कार्यक्रम पेश गर्ने सर्व सम्बत् निर्णय गरियो ।